**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

# उलार उपन्यासको पात्रविश्लेषण

# Character Analysis of the Ular Novel

*[1]डा. कल्पना लुइँटेल (Kalpana Luitel, Ph. D.) [2]डा. दुर्गाप्रसाद दाहाल (Durga Prasad Dahal, Ph. D.)*

[1]**Associate Professor of Nepali, Saraswoti Multiple Campus, Lekhnath Marg, Kathmandu, Nepal**
*[Email: luitelkl@gmail.com, ORCID: https://orcid.org/0009-0004-7868-2299]*

[2]**Assistant Professor of Nepali (Corresponding Author), Mahendra Ratna Campus, Tahachal, Kathmandu, Nepal**
*[Email: 123durgadahal@gmail.com, ORCID: https://orcid.org/0009-0003-0816-8844]*

**Article History:** Received 18 Oct. 2024; Reviewed 16 Nov. 2024; Revised 7 Dec. 2024; Accepted 17 Jan. 2025

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*This article titled Characterization of the Novel 'Ular' aims to analyze the characters of the Ular novel on the basis of gender, action, tendency, nature, consciousness of life, proximity, affiliation, dimension, environment, originality, personality, reaction and relativity. This study is qualitative in nature. This study is presented in a descriptive style. Since it is found that more male characters are used in this novel than female characters on the basis of gender, it seems that the novel depicts a patriarchal society. Since there are more secondary characters than main characters and supporting characters in this novel on the basis of role or action, it seems that only a few people are dominant in society, that is, it seems that equality is not maintained in society. The fact that more favorable characters appear in this novel than unfavorable characters reveals the positive trend of society. Since many characters appear on stage and only a few characters appear in the background in this novel, it seems that the novel is moving towards a direct depiction of society. Since all the characters except Premlalwa are motionless in terms of nature, this novel seems to be unable to depict the dynamic trends of today's modern people. In terms of life consciousness, all the characters in this novel are of a class nature, so it seems that the novel represents different classes of society. In terms of affiliation, since free characters are used more than bound characters, it seems that many people in society are of an independent nature. Since flat characters are used more than round characters in this novel, there is a greater presence of simple characters in this novel. Since all the characters in this novel are of a relative nature, the lively characters of society are depicted in the novel. The use of regional characters seems to have made this novel regional. Although there are some famous characters in this novel, their roles are not traditional and are only nominal, so it seems that original characters are used here. Although some crooked characters from the wealthy class appear to have mysterious characters in this novel, most of the characters are of a primitive nature, so it seems that the novel uses understandable characters. Since few characters are extroverted in nature to express their feelings in front of society, many characters are in an environment where they cannot express their feelings.*

***Keywords:*** *Favorable character, flat character, gola character, mysterious character, regional character, universal character.*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

## लेखसार

*'उलार' उपन्यासका पात्रविधान शीर्षकको यस लेखमा उलार उपन्यासका पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता, आयाम, परिवेश, मौलिकता, व्यक्तित्व, प्रतिक्रिया र सापेक्षताका आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यो अध्ययन वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा लिङ्गका आधारमा स्त्री पात्रभन्दा बढी पुरुष पात्रको प्रयोग भएको पाइएकाले उपन्यासले पुरुषप्रधान समाजको चित्रण गरेको देखिन्छ । भूमिका वा कार्यका आधारमा यस उपन्यासमा प्रमुख पात्र र सहायक पात्रभन्दा बढी गौण पात्र आएकाले समाजमा केही व्यक्तिको मात्र प्रभुत्व भएको देखिन्छ अर्थात् समाजमा समानता कायम नभएको देखिन्छ । यस उपन्यासमा प्रतिकूल पात्रभन्दा अनुकूल पात्र बढी देखिनुले समाजको सकारात्मक प्रवृत्तिलाई उजागर गर्दछ । यस उपन्यासमा धेरै पात्रहरू मञ्चमा र केही मात्र पात्र नेपथ्यमा देखिनाले समाजको प्रत्यक्ष चित्रणतर्फ उपन्यास अग्रसर भएको देखिन्छ । स्वभावका दृष्टिले प्रेमललवादेखि बाहेकका सबै पात्रहरू गतिहीन हुनाले यस उपन्यासले आजका आधुनिक मानिसका गतिशील प्रवृत्ति चित्रण गर्न नसकेको देखिन्छ । जीवनचेतनाका दृष्टिले यस उपन्यासका सबै पात्रहरू वर्गीय प्रकृतिका हुनाले उपन्यासमा समाजका विभिन्न वर्गको प्रतिनिधित्व भएको देखिन्छ । आबद्धताका दृष्टिले बद्ध पात्रभन्दा मुक्त पात्रको बढी प्रयोग भएकाले समाजका धेरै मानिसको स्वतन्त्र प्रकृतिको रहेको देखिन्छ । यस उपन्यासमा गोला पात्रभन्दा च्याप्टा पात्रको बढी प्रयोग भएकोले यस उपन्यासमा सरल पात्रको उपस्थिति बढी पाइन्छ । यस उपन्यासका सबै पात्र सापेक्ष प्रकृतिका रहेकाले उपन्यासमा समाजको जीवन्त पात्रको चित्रण भएको छ । आञ्चलिक पात्रको प्रयोगले यो उपन्यासलाई आञ्चलिक बनाएको देखिन्छ । यस उपन्यासमा प्रसिद्ध नामका केही पात्र भएपनि तिनीहरूको भूमिका पारम्परिक नभई नाम मात्रका बनेकाले यहाँ मौलिक पात्रको प्रयोग भएको देखिन्छ । यस उपन्यासमा सम्पन्न वर्गका केही कुटिल पात्रहरू गूढ चरित्रका देखिए पनि अधिकांश पात्रहरू अगूढ प्रकृतिका रहेकाले उपन्यासमा सुबोध चरित्रको प्रयोग भएको देखिन्छ । थोरै पात्रहरू समाजका सामु आफ्नो भावना व्यक्त गर्ने बहिर्मुखी प्रकृतिका भएकाले धेरै पात्रहरू आफ्ना भाव व्यक्त गर्न नसक्ने परिवेशमा रहेको देखिन्छ ।*

*शब्दकुञ्जी : अनुकूल पात्र, आञ्चलिक पात्र, गूढ पात्र, गोला पात्र, चेप्टा पात्र, सार्वभौमिक पात्र ।*

## विषयप्रवेश

नयनराज पाण्डे (वि.सं.२०२३) *किरण* साप्तहिकमा मैले चुनाव हारेँ (हास्य लेख,२०३८) प्रकाशित गरी नेपाली साहित्यमा देखा परेका हुन् । वि.सं. २०४४ सालमा *नाङ्गोमान्छेको डायरी*बाट नेपाली उपन्यासको क्षितिजमा देखा परेका नयनराज पाण्डेका विक्रमादित्य एउटा कथा सुन (२०४४), अतिरिक्त (२०५०), उलार (२०५५), लु (२०६८) जस्ता औपन्यासिक कृति प्रकाशित छन् । उनी सर्वश्रेष्ठ लेखक (नेराप्रप्र, नाटक महोत्सव, २०४६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), रामराज पन्त स्मृति सम्मान (२०६०), गरिमा सम्मान पुरस्कार (२०६०) बाट पुरस्कृत र सम्मानित भएका छन् ।

विश्वमा व्याप्त सत्तासिन शासकहरूबाट भएका अन्याय, अत्याचार र निरङ्कुश प्रवृत्तिलाई चित्रण गर्दै त्यस विरूद्ध विद्रोहको स्वर उजागर गर्ने पाण्डेका उपन्यासमा सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक क्षेत्रका विषयवस्तु प्रस्तुत भएका हुन्छन् । यिनका उपन्यासमा पञ्चायती निरङ्कुश व्यवस्थाको अन्त्य भए पनि प्रजातान्त्रिक शासन व्यवस्थामा पनि शोषणको अन्त्य हुन नसकेको अवस्थाको विकृति र विसङ्गति चित्रण गरी व्यङ्ग्य प्रहार गरिएको हुन्छ । यिनी बेरोजगारका कारण उत्पन्न आर्थिक समस्याबाट आक्रान्त शिक्षित युवावर्गको पारिवारिक विघटन, दयनीय अवस्था र निराशाजस्ता विषयवस्तुलाई जीवन्त विश्लेषण गर्दछन् । यिनी लघु र मझौला प्रकृतिका

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

उपन्यासहरूमा स्थानीय भाषा र शैलीको प्रयोग गरी मानवीय मूल्यहीनताको कारुणिक चित्रण र मानवतावादी दृष्टिकोण प्रस्तुत गर्दछन् । गरिब प्रेमललवा आफ्नो गरिबीका कारण दुईचार पैसा आय आर्जन गर्ने लोभमा शान्तिराजको विजय जुलुसमा टाँगा लैजान्छ । विजयको उन्मादमा हिँडेका मान्छेको भार थेग्न नसकी घोडा बिचैमा ढल्छ । घोडा ढलेका कारण उसले भाडा लिन पाउँदैन र घोडा पनि मर्दछ । यसपछि उसमा पनि उलारको स्थिति आउँछ । यसरी घोडाको माध्यमबाट प्रेमललवाको दयनीय अवस्था तथा नेपाली प्रजातन्त्र जनतामाथि उलार हुने गरी सवार भएको छ भन्ने विचार प्रस्तुत भएको छ । नेपालका नेताहरूले चुनाव नजितुन्जेल जनताको नाम लिन्छन् तर चुनाव जितेर गएपछि भ्रष्ट, पदलोलुप र सत्तास्वार्थमा लिप्त छन् । जनताका नाममा राजनीति गर्ने नेताहरू जनताको भलो गर्नेभन्दा उठिबास लगाउन तल्लीन छन् भन्ने भाव यस उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । नेपाली जनताहरूले सुख र समृद्धि हुन्छ भन्ने आशमा ठूलो बलिदानी दिएर प्रजातन्त्र ल्याए । तर प्रजातन्त्र आएपछि पनि नेपाली जनताले आश गरेअनुरूपको कुनै परिवर्तन हुन सकेन । बरू प्रजातन्त्र नेताहरूकै कमाउखेती बन्न पुग्यो । निम्नवर्गका जनताका दुःखका दिनहरू झन उलारका रूपमा अघि बढेका छन् । पात्र कथावस्तुको सञ्चालक हुन्छ, त्यसको कथा, घटना र परिस्थितिसँग घनिष्ठ र सजीव सम्बन्ध हुन्छ (मलिक, सन् १९७४, पृ. ६८) । चरित्रलाई आख्यानात्मक कृतिमा देखा पर्ने व्यक्तिका रूपमा परिभाषित गरिन्छ (शर्मा, २०५५क, पृ.२७०) । उपन्यास आख्यानात्मक कृति हो । कुनै पनि आख्यानात्मक कृतिमा विभिन्न व्यक्तिहरू आएका हुन्छन् । तिनै व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू पनि दृश्य र अदृश्य प्रकृतिका हुन्छन् । दृश्य पात्रहरू कथातन्तुमा प्रत्यक्ष उनिएर आएका हुन्छन् भने अदृश्य पात्रहरू घटनाको बुनोटका सन्दर्भमा नेपथ्यबाट चर्चित हुन पुग्दछन् । आख्यानमा व्यक्तिलाई प्रस्तुत गर्ने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमबद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो (श्रेष्ठ, २०२९, पृ.२३०) । पात्र घोडा हुन् जसका पिठ्यूँमा चढेर घटनाहरू दौडन्छन् ( नेपाल, १९८७, पृ. ३०) । अचेल चरित्रप्रधान आख्यान लेख्ने प्रवृत्ति विकसित हुँदै गएको छ । त्यसैले आजभोलिका उपन्यासहरूमा घटनाको भन्दा पात्रहरूको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले आजभोलिका उपन्यासकारहरू आफ्ना उपन्यासहरूमा समाजलाई शिक्षा दिने खालका पात्रहरू प्रस्तुत गर्न चाहन्छन् । पात्रको स्तर र परिस्थिति अनुसारको क्रियाकलापका सम्भावित परिचालनले चरित्रमा विश्वसनीयता थपिन्छ। चरित्रले उपन्यासमा व्यक्तिजीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनालाई समृद्ध गरेको हुन्छ। उपन्यासमा विभिन्न घटनाहरूको शृङ्खलित रूप प्रस्तुत गरिन्छ । त्यसैले कुनै पनि उपन्यासमा यस्ता घटनाहरूको वर्णन विभिन्न पात्रका क्रियाकलापबाट प्रस्तुत गरिएको पाइन्छ। पात्रहरूलाई समाजका सजीव र यथार्थ जीवनलाई प्रतिनिधित्व गर्ने गरी प्रस्तुत गर्नुपर्दछ। यस अध्ययनमा उलारका पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता, आसन्नताका साथै आयाम, परिवेश, मौलिकता, व्यक्तित्व, प्रतिक्रिया र सापेक्षताका आधारमा वर्णन गरिएको छ । यस अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताका आधारमा उलार उपन्यासका प्रमुख पात्रहरूको विश्लेषण गर्नु र

(ख) आयाम, परिवेश, मौलिकता, व्यक्तित्व, प्रतिक्रिया र सापेक्षताका आधारमा उलार उपन्यासका प्रमुख पात्रहरूको विश्लेषण गर्नु ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

## अध्ययन विधि

यो गुणात्मक ढाँचाको अध्ययन हो । उलार उपन्यास यस अध्ययनको मूल आधार सामग्री हो । यस अध्ययनका लागि शैलीविज्ञान (२०४८) र आख्यानका कुरा ( सन् २००५) लगायतका अन्य शैलीवैज्ञानिक तथा पात्र विश्लेषणसम्बन्धी पुस्तक सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्नाले पात्रविश्लेषण सहज हुने भएकाले पुस्तकालीय अध्ययनबाट यो कार्य सम्पन्न गरिएको छ । चरित्र विश्लेषणका विविध पद्धतिहरू भए पनि व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणका लागि काव्यशास्त्र र भाषाविज्ञानका समन्वयबाट केही आधारहरूको निर्धारण गर्न सकिन्छ । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता मुख्य पर्दछन् (शर्मा, २०४८, पृ. १७४-१७६) । प्रसाद ( सन् १९७३) ले स्वरूपका दृष्टिले वैयक्तिकता प्रधान वा विशिष्ट चरित्र र वर्ग चरित्र या प्रतिनिधि चरित्र, प्रभावका दृष्टिले गूढ र अगूढ, मानसिक परिवर्तनका दृष्टिले स्थिर र गतिशील गरी पात्रको वर्गीकरण गरेका छन् (पृ. १३२) । त्यसैले यस अध्ययनमा उलार उपन्यासका पात्रहरूको विश्लेषण गर्ने क्रममा चरित्र वर्गीकरणका निम्ति निम्नलिखित आधारहरूलाई लिइएको छ ।

१. **लिङ्ग :** लिङ्ग उपन्यासमा प्रयुक्त पात्रहरूको शारीरिक जात छुट्टयाउने आधार हो । यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् (शर्मा, २०४८, पृ. १७२) । लिङ्गका आधारमा नै उपन्यासमा प्रयुक्त पात्रहरू नायक वा नायिका, खलनायक वा खलनायिका तथा सहनायक वा सहनायिका भनेर छुट्टिन्छन् । पात्रको लिङ्ग उनीहरूका बाह्य स्वभाव, वर्णन, नामाकरण र तिनीहरूका लागि प्रयुक्त क्रियापदबाट छुट्टयाउन सकिन्छ ।

२. **कार्य :** उपन्यासमा प्रयुक्त सबै पात्रहरूले उत्तिकै महत्त्वका काम गरेका हुँदैनन् । त्यसैले कार्य तथा कार्यमूल्यका दृष्टिकोणले पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन् (शर्मा, २०४८, पृ. १७४) । उपन्यासमा सबभन्दा बढी क्रियाशील पात्रहरू प्रमुख पात्रका रूपमा, त्योभन्दा कम क्रियाशील रहेका पात्रहरू सहायक पात्रका रूपमा र त्योभन्दा पनि कम कार्यव्यापार भएका पात्रहरू गौण पात्रका रूपमा आएका हुन्छन् । प्रमुख पात्रहरू वर्णनका क्रममा उपन्यासको आदिदेखि अन्त्यसम्म आएका हुन्छन् भने सहायक पात्रहरूको पुनरावृत्ति प्रमुख पात्रका तुलनामा कम हुन्छ । तर गौण पात्रहरू उपन्यासका बिचबाट आएर बिचमै हराउन पनि सक्छन् । गौण पात्रहरूको वर्णन उपन्यासमा शृङ्खलित र व्यवस्थित रूपमा भएको पाइँदैन ।

३. **प्रवृत्ति :** उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गमा छुट्याउन सकिन्छ (शर्मा, २०४८, पृ. १७४-१७६) । सामाजिक मान्यता र उपन्यासकारको उद्देश्यअनुरूप चल्ने पात्रहरूलाई अनुकूल प्रवृत्तिका मानिन्छन् र त्यस्ता पात्रहरूका निम्ति वर्णनका क्रममा उपन्यासकारद्वारा सकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग भएको पाइन्छ भने त्यसको उल्टो प्रतिकूल पात्रका वर्णनका क्रममा उपन्यासकारद्वारा नकारात्मक शब्द वा नकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग गरिएको पाइन्छ । कृतिको प्रतिकूल चरित्रको प्रमुख वा सहायक पुरुष पात्र खलनायक हुन्छ भने स्त्री पात्र खलनायिकाका रूपमा चित्रित हुन्छे ।

४. **स्वभाव :** स्थिर र गतिशील गरी ई. एम. फोर्स्टरले पात्रलाई विभाजन गरेका छन् (फोर्स्टर, सन् १९८२, पृ.४७) । स्थिर ( अचर) चरित्रहरू कृतिको प्रारम्भदेखि अन्त्यसम्म आफ्ना दृष्टिकोण र अभिवृत्तीय गुणहरूमा स्थिर रहन्छन् ( शर्मा, २०५५क, पृ. २७१) । गतिशील पात्रले परिस्थिति अनुसार आफूलाई परिवर्तित गरिरहन्छन् (झा, सन् १९७४, पृ. ४२) । गतिशील वर्गका पात्रहरू क्रमागत शब्द समूहद्वारा कुँदिएका हुन्छन् भने गतिहीन वर्गका पात्रहरू वर्गात्मक शब्द समूहद्वारा कुँदिएका हुन्छन् (शर्मा, २०४८, पृ. १७४-१७५) ।

५. **जीवनचेतना** : जीवनचेतना आफ्नो मात्र प्रतिनिधित्व गर्ने र अर्काको पनि प्रतिनिधित्व गर्ने भन्ने आधारमा चरित्रहरूलाई छुट्याउने आधार हो (शर्मा, २०६३, पृ. ३९३) । यस (वर्ग) चरित्रले कुनै एक विशिष्ट वर्ग वा समुदायको प्रतिनिधित्व गर्दछ ( ओझा, सन् १९५७, पृ. १५९) । आफ्नै मात्र प्रतिनिधित्व गर्ने पात्र व्यक्ति पात्र हुन् । त्यसैले जीवनचेतनाका आधारमा उपन्यासमा प्रयुक्त पात्रहरू वर्ग पात्र र व्यक्ति पात्र गरी दुई वर्गका हुन्छन् । उपन्यासमा प्रयुक्त विशेषक र अन्य शब्दावलीका आधारमा सामाजिक प्रतिनिधित्व गर्ने वा नगर्ने पात्रको विभाजन गर्न सकिन्छ (शर्मा, २०४८, पृ. १७५) ।

६. **आसन्नता** : शर्मा (२०६३) ले आसन्नता कृतिमा प्रत्यक्ष वा परोक्ष उपस्थितिका आधारका रूपमा प्रस्तुत गरेका छन् (पृ. ३९३) । उपन्यासमा उपस्थिति वा आसन्नताका आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्च पात्र गरी दुई वर्गका हुन्छन् । उपन्यासमा वर्णन मात्र हुने प्रत्यक्ष कार्य नगर्ने पात्रहरू नेपथ्य पात्र हुन् भने प्रत्यक्ष कार्य गर्ने पात्रहरू मञ्च पात्र हुन् । पात्रहरूको काल मापदण्डमा मञ्च पात्रहरू वर्तमान विन्दुमा हुन्छन् भने नेपथ्य पात्रहरू सो विन्दुभन्दा पूर्ववर्ती कालमा स्थित हुन्छन् (शर्मा, २०४८, पृ. १७५) ।

७. **आबद्धता** : आबद्धता भनेको उपन्यासको कथानकसँग पात्रहरूको सम्बन्ध गँसाइ हो । यस आधारमा पात्रहरू बद्ध पात्र र मुक्त पात्र गरी दुई वर्गका हुन्छन् (शर्मा, २०४८, पृ. १७५) । उपन्यासको कथानकबाट जुन पात्रलाई हटाउँदा उपन्यासको संरचना नै भत्किन्छ त्यस्ता पात्रलाई बद्ध पात्र र उपन्यासको कथानकबाट जुन पात्रलाई हटाउँदा पनि उपन्यासको संरचनामा कुनै असर पर्दैन, त्यस्ता पात्र मुक्त पात्र हुन् । कृतिको पर्याधारमा रहेका सन्दर्भमा बाँधिएर सार्थक हुने पात्र बद्ध र सो पर्याधारबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्र मुक्त पात्र हुन् ।

८. **आयामगत** : आयामगत आधारमा पात्रहरूलाई गोला र च्याप्टा पात्र गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । जीवनलाई जटिल रूपमा भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चकपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ ( बराल र एटम, २०६६, पृ. २८) । यस्ता ( गोला) पात्रहरू आधुनिक जीवनजस्तै जन्जालहरूको गुजुल्टो भएर रहेको हुन्छन् ( नेपाल, सन् २००५, पृ.५९) । ती ( च्याप्टा) पात्र एउटा निश्चित धारणाविशेष वा गुणविशेष अन्तर्गत निर्मित हुन्छन् (नेपाल, सन् २००५, पृ.५७) । विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ (बराल र एटम, २०६६ , पृ.२८) ।

९. **परिवेशगत** : परिवेशगत आधारमा सार्वभौमिक र आञ्चलिक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । सर्वत्र एकनाश रूपले ग्रहण गरिने पात्र सार्वभौम हुन्छन् ( नेपाल, सन् २००५, पृ.६३) आञ्चलिक पात्र सदैव आफ्नो एउटा विशिष्ट सन्दर्भसित जोडिएर बसेका हुन्छन् ( नेपाल, सन् २००५, पृ. ६३) ।

१०. **मौलिकता** : मौलिकताका आधारमा पात्रलाई पारम्परिक र मौलिक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । उही पुरानै व्यक्तित्व, परिचित स्वभाव र प्रसिद्ध आचरणकै वृत्तमा फन्का मारिहिँड्ने यस्ता पात्र रूढ वा पारम्परिक हुन्छन् ( नेपाल, सन् २००५, पृ. ६३ -६४) । पारम्परिक विपरीत लेखकले आफ्नै प्रकारले प्रयोग गरेका पात्र मौलिक पात्र हुन् ।

११. **व्यक्तित्व** : व्यक्तित्वका आधारमा पात्रलाई अन्तर्मुखी र बहिर्मुखी गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । समाज र बाह्य वातावरणलाई बढी महत्त्व दिने र सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासनतर्फ लाग्ने पात्र बहिर्मुखी हुन्छ भने आफैँलाई बढी महत्त्व दिएर आफ्नै बारेमा मात्र चिन्तनरत रहने पात्र अन्तर्मुखी ( घर्ती, २०६७, पृ.८८) हुन्छ ।

१२. **प्रतिक्रियागत** : प्रतिक्रियाका आधारमा पात्रलाई गूढ र अगूढ गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । गूढ चरित्र भएका पात्र ती हुन् जसको वास्तविक रूपको निर्णय कठिन र अगूढ चरित्र ती हुन् जसको प्रतिक्रियाहरू यति सामान्य हुन्छ कि त्यसमा व्यक्तित्वको अभाव देखिन्छ ( प्रसाद, सन् १९७३, पृ. १३२) ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

१३. **सापेक्षता** : सापेक्षताका आधारमा पात्रलाई सापेक्ष र निरपेक्ष गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । जीवनबाट ती ( निरपेक्ष पात्र) टाढाका कल्पित प्राणी हुन्छन् ( नेपाल, सन् २००५, पृ.६०) तिनीहरू ( सापेक्ष पात्र) हाम्रा अनुभूति र संवेदनाको पनि वास हुन्छ ( नेपाल, सन् २००५, पृ.६०) ।

## व्याख्या र विश्लेषण

उलार उपन्यासमा प्रेमललवा, द्रौपदी, राजेन्द्रराज, शान्तिराज, कलुवा, ननकउ, सीता, द्रौपदीको बाबु, विष्णु, शिलाबाबु, बुधे, डाक्टर मुन्ने खाँ, सावित्री, पुलिस, निराकार प्रसाद, कलुवाकी स्वास्नी, कलुवाकी आमा, महारिन बुआ, राजुबाबु, कृष्णा, खेलावन भैया, थपुवा (थापा), लौटनसिंह, शान्तिराजको मन्त्रालयको पिए, कुन्ती, पहाडीया केटो, एउटा बूढो मान्छे, ठिटो, यातायात मन्त्री, यातायात मन्त्रीकी भान्जी, शान्तिराजको मन्त्रालयको ड्राइभर, जगतमान्, हर्कमान, कृष्णबहादुर र असलम पात्र प्रयोग भएका छन् । यिनीहरू सबैलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता, आसन्नता, आयाम, परिवेश, मौलिकता, व्यक्तित्व, प्रतिक्रिया र सापेक्षताका आधारमा तालिकामा प्रस्तुत गरी प्रेमललवा, द्रौपदी, राजेन्द्रराज र शान्तिराजको चरित्र भने विश्लेषण गरिएको छ । उलार उपन्यासका पात्रहरूको वर्गीकरण तालिका निम्नानुसार रहेको छ :

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

*तालिका १ : 'उलार' उपन्यासका पात्रहरूको वर्गीकरण*

| क्र.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | | आयाम | | परिवेश | | मौलिकता | | व्यक्तित्व | | प्रतिक्रिया | | सापेक्षता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिहीन | गतिशील | व्यक्ति | वर्ग | मञ्च | नेपथ्य | बद्ध | मुक्त | गोलो | चेप्टो | सार्वभौमिक | आञ्चलिक | पारम्परिक | मौलिक | अन्तर्मुखी | बहिर्मुखी | गूढ | अगूढ | सापेक्ष | निरपेक्ष |
| १. | प्रेमललवा | + | | + | | | + | | | + | | + | + | | + | | + | | + | | | + | | + | | + | + | |
| २. | द्रौपदी | | + | + | | | + | | + | | | + | + | | + | | + | | | + | + | | + | | | + | + | |
| ३. | राजेन्द्रराज | + | | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | | + | + | | + | |
| ४. | शान्तिराज | + | | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | | + | | + | |
| ५. | कलुवा | + | | | | + | | + | + | | | + | + | | + | | + | | + | | | + | | + | | + | + | |
| ६. | ननकउ | + | | | | + | | + | + | | | + | + | | + | | + | | + | | | + | + | | | + | + | |
| ७. | सीता | | + | | | + | + | | + | | | + | | + | | + | + | | + | | + | | + | | | + | + | |
| ८. | द्रौपदीका बाबु | + | | | | + | + | | + | | | + | + | | | + | | + | | + | | + | | + | | + | + | |
| ९. | विष्णु | + | | | | + | | + | + | | | + | + | | | + | | + | | + | + | | + | | + | | + | |
| १०. | शिलाबाबु | + | | | | + | | + | + | | | + | + | | | + | + | | + | | | + | + | | + | | + | |
| ११. | बुधे | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |
| १२. | डाक्टर मुन्ने खाँ | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |
| १३. | सावित्री | | + | | | + | + | | + | | | + | + | | | + | + | | | + | + | | | + | + | | + | |
| १४. | पुलिस | + | | | | + | | + | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| १५. | निराकार प्रसाद | + | | | | + | | + | + | | | + | + | | | + | | + | + | | | + | | + | + | | + | |
| १६. | कलुवाकी स्वास्नी | | + | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| १७. | कलुवाकी आमा | | + | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |
| १७. | महारिन बुआ | | + | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| १८. | राजुबाबु | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | + | | + | | | + | + | |
| १९. | कृष्णा | | + | | | + | + | | + | | | + | | + | | + | + | | | + | | + | + | | | + | + | |
| २०. | खेलावन भैया | + | | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| २१. | थपुवा ( थापा) | + | | | | + | | + | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| २२. | लौटनसिंह | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

| क्र.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | | आयाम | | परिवेश | | मौलिकता | | व्यक्तित्व | | प्रतिक्रिया | | सापेक्षता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिहीन | गतिशील | व्यक्ति | वर्ग | मञ्च | नेपथ्य | बद्ध | मुक्त | गोलो | चेप्टो | सार्वभौमिक | आञ्चलिक | पारम्पारिक | मौलिक | अन्तर्मुखी | बहिर्मुखी | गूढ | अगूढ | सापेक्ष | निरपेक्ष |
| २३. | शान्तिराजको मन्त्रालयको पिए | + | | | | + | | + | + | | | + | + | | | + | | + | + | | | + | + | | + | | + | |
| २४. | यातायात मन्त्रीको पिए | + | | | | + | | + | + | | | + | + | | | + | | + | + | | | + | + | | + | | + | |
| २५. | कुन्ती | | + | | | + | + | | + | | | + | | + | | + | + | | | + | + | | + | | | + | + | |
| २६. | पहाडीया केटो | + | | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| २७. | एउटा बूढो मान्छे | + | | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | | + | | + | + | |
| २८. | ठिटो | + | | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |
| २९. | यातायात मन्त्री | + | | | | + | | + | + | | | + | | + | | + | | + | + | | | + | + | | + | | + | |
| ३०. | यातायात मन्त्रीकी भान्जी | | + | | | + | + | | + | | | + | | + | | + | | + | + | | | + | + | | | + | + | |
| ३१. | शान्तिराजको मन्त्रालयको ड्राइभर | + | | | | + | | + | + | | | + | | + | | + | | + | + | | | + | + | | + | | + | |
| ३२. | जगत्मान | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |
| ३३. | हर्कमान | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | | + | + | | | + | + | |
| ३४ | कृष्णबहादुर | + | | | | + | + | | + | | | + | | + | | + | + | | + | | + | | + | | | + | + | |
| ३५ | असलम | + | | | | + | + | | + | | | + | + | | | + | + | | + | | | + | + | | | + | + | |

**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

## १. प्रेमललवा

### १/१ (क) पुरुष पात्र'

प्रेमललवा लिङ्गका आधारमा पुरुष पात्र हुन् । उनी द्रौपदीसँग बिबाह गरेर घरजम बसाउन चाहन्छन् । सर्वप्रथम त प्रेमललवा नामले पनि पुरुषलाई नै जनाउँछ । प्रेमललवा द्रौपदीका प्रेमीका रूपमा उपन्यासमा वर्णित पात्र हुन् । शान्तिराज र अरूले पनि उनलाई *प्रेमललवा* भनी सम्बोधन गरेका छन् । *उलार* उपन्यासमा प्रेमललवालाई पुरुष पात्रका रूपमा प्रस्तुत गर्ने भाषिक तथ्याङ्कहरू निम्नलिखित रहेका छन् :

(क) 'ऊ एक्लो छोरो, एक्लो रह्यो' (पृ.२९) ।

(ख) साला रँडुवा ! एउटी मेहारू (स्वास्नी) ल्याउन नसक्नेले मलाई भुत्राको हात हाल्छस्' (पृ.२४-२५) ।

(ग) ‘‘तँलाई म एक दिन उडाएर लैजान्छु ।’’

‘‘तैँले लैजाने ? म रन्डीलाई ?’’ (पृ. ३८)

(घ) अस्ति कलुवाले ठट्टैठट्टामा भनेको थियो - ‘‘बे, तँ त छिप्पेर गनाउन थालिस्, बोकाजस्तो ।’’ (पृ.४४) ।

माथि (क) मा प्रेमललवालाई छोराका रूपमा चिनाउनु, (ख) मा द्रौपदीले प्रेमललवालाई स्वास्नी ल्याउन नसक्ने भन्नु, (ग) मा प्रेमललवाले द्रौपदीलाई भगाएर लैजाने कुरा गर्नु र (घ) मा प्रेमललवा अविवाहित पुरुषका रूपमा वर्णित भएकाले प्रेमललवा पुरुष पात्र भएको पुष्टि हुन्छ ।

### १/२ (क) प्रमुख पात्र

प्रेमललवा 'उलार' उपन्यासको आदिदेखि अन्त्यसम्म आएको छ । चुनावको चर्चादेखि नेता मन्त्री भएको उसलाई भेट्न काठमाडौं गएको तथा नेतासँग भेट्न नपाएको र घर फर्की द्रौपदीलाई लिन गएकोसम्मका घटनामा उपन्यास संरचित छ । उपन्यासको कथावस्तु प्रेमललवाको केन्द्रियतामा संरचित रहेको छ । यस उपन्यासमा प्रेमललवा सबैभन्दा बढीपटक पुनरावृत्ति भएको व्यक्तिवाचक नाम हो । कार्यका दृष्टिले पनि प्रेमललवाले गरेको कार्य सर्वाधिक महŒवपूर्ण र निर्णायक रहेको हुनाले प्रेमललवा यस उपन्यासको प्रमुख पात्र हुन् ।

### १/३ (क) अनुकूल पात्र

प्रेमललवाले निम्नवर्गीय नेपाली जनताहरूको प्रतिनिधित्व गर्छन् । उनी जसले जे भने पनि सजिलै पत्याउँछन् । अरूलाई हानीनोक्सानी पुऱ्याउँदैनन् । प्रेमललवालाई अनुकूल पात्रका रूपमा प्रस्तुत गर्ने उपन्यासभित्रका अभिव्यक्तिहरू निम्नानुसार छन् :

(क) कसैकसैले राजेन्द्रराजले आफूले अठार लिएर प्रेमललवालाई आठ पकडाए भन्ने हल्ला पनि चलाए । तर उसले पत्याएन (पृ. २९) ।

(ख) हिजोसम्म राजेन्द्रबाबुको लागि खटेको आजै शान्तिराजाको जुलुसमा टाँगा चलाउनु राम्रो होला ? (पृ.४३)

(ग) 'त्यत्तिकै श्रद्धा पलाएको होइन । बडा गौप्राणी छन् राजेन्द्रराज । हरेक काममा सहयोग गर्छन्' (पृ.२९)

माथि (क) मा प्रेमललवा आफ्नो गरिबी र सोझोपनबाट राजेन्द्रराजले फाइदा उठाएको पनि नबुझ्ने र अरूले भन्दा पनि नपत्याउने, (ख) मा आफ्नो विचार परिवर्तन गर्ने बेला संशय व्यक्त गर्ने र (ग) मा सोझो र सहयोगी ठानेर राजेन्द्रराजप्रति प्रेमललवाको श्रद्धा पलाएको वर्णन भएकाले प्रेमललवा अनुकूल प्रवृत्तिको पात्र देखिन्छ । यस्तै आफ्नो गरी खाने साधन वसन्तीलाई बिहान सबेरै उठेर प्रेमललवाले सुम्सुम्याउनुले उनी यस उपन्यासमा अनुकूल पात्रका रूपमा प्रस्तुत भएको देखिन्छ ।

### १/४ (ख) गतिशील पात्र

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

सुरुमा राजेन्द्रराजले जे भने पनि पत्याउने तथा मान्ने प्रेमललवा राजेन्द्रराज फटाहा नेता भएको पुष्टि भएपछि राजेन्द्रराजलाई घृणा गर्ने अवस्थामा पुगेकाले उनी गतिशील चरित्र हुन् । प्रेमललवालाई गतिशील पात्रका रूपमा प्रस्तुत गर्ने केही अभिव्यक्तिहरू निम्नानुसार रहेका छन् :

(क) प्रेमललवाले राजेन्द्रराजलाई सञ्चा इमान्दार जनप्रतिनिधि मानेको बेलामा सित्तैमा टाँगामा चढाउँथ्यो । जे भने पनि पत्याउँथ्यो ।

(ख) घरखेत उठाउने कुरामा राजेन्द्रराज खप्पिस छन् भन्ने उसले थाहा पाइसक्यो (पृ.८७) ।

(ग) प्रेमललवाले केही निश्चय गरेको छ । अबदेखि उसले राजेन्द्रराज र उसको परिवारलाई 'फिरीमा' टाँगामा बसाउने छैन । र शान्तिराज जस्ताको बोझलाई ओभरलोडलाई टाँगामा स्वीकार्ने छैन (पृ.९०-९१) ।

यहाँ (क) मा प्रेमललवाले राजेन्द्रराजलाई सित्तैमा टाँगामा चढाउनु, (ख) मा राजेन्द्रराजको खराब प्रवृत्ति थाहा पाउनु र (ग) मा राजेन्द्रराज र शान्तिराजजस्ता नेतालाई अस्वीकार गर्नाले प्रेमललवाको गतिशील चरित्र पुष्टि हुन्छ ।

**१/५ (ख) वर्ग पात्र**

उलार उपन्यास आञ्चलिक उपन्यास हो । निम्न वर्गका पात्रहरूको चित्रणमा विशेष जोड दिनु आञ्चलिक उपन्यासका लागि सर्वथा आवश्यक हुन आउँछ (सुवेदी, २०५६, पृ.१४) प्रेमललवालाई वर्ग पात्रका रूपमा प्रस्तुत गर्ने केही अभिव्यक्तिहरू निम्नानुसार रहेका छन् :

(क) 'निमोनिया र आर्थिक सङ्कट दुवै रोगले च्याप्यो उसलाई । उपाय केही नलागेपछि ऊ राजेन्द्रराजको आँगनमा गएर पसारियो - लाचार, निरीह, उपायहीन' (पृ.३०) ।

(ख) निमोनियाँले पिरोलेपछि र टाँगा भाडामा लाग्न छुटेपछि र हातमुख जोर्न अरू उपाय नभएपछि राजेन्द्रराजले प्रेमललवालाई सल्लाह दिए- "घर बेच" (पृ. ३१) ।

माथि (क) मा उपचारका लागि राजेन्द्रराजको शरणमा जानु र (ख) मा रोगी भएपछि राजेन्द्रराजको सल्लाहमा घर बेच्न बाध्य भएको वर्णन भएकाले प्रेमललवा निम्नवर्गीय पात्र भएको पुष्टि हुन्छ । शान्तिराजको विजय जुलुसको ओभरलोडले आफ्नो गरी खाने साधन वसन्ती उलार भई मरेपछि प्रेमललवा सहाराविहीन एक्लो र पीडित पात्रका रूपमा चित्रित भएकाले प्रेमललवा गरीब, पीडित, शोषित पात्रहरूको प्रतिनिधिमूलक पात्र भएकाले वर्गीय चरित्र हुन् भन्न सकिन्छ ।

**१/६ (क) मञ्च पात्र**

प्रस्तुत उपन्यासको सुरुकै पृष्ठदेखि नै प्रेमललवाको वर्णन गरिएको छ । प्रेमललवा यस उपन्यासको अन्तिम भागसम्म क्रियाशील देखिन्छ । उलार उपन्यासले प्रेमललवाकै दुःख उजागर गरेको हुनाले आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**१/७ (क) बद्ध पात्र**

प्रेमललवा यस उपन्यासमा प्रयोग भएको अन्य चरित्रहरूसँग सम्बन्धित छ भने प्रेमललवाको चरित्रसँग अन्य चरित्रहरू पनि बाँधिएका छन् । प्रेमललवालाई उपन्यासबाट हटाइदिने हो भने उपन्यासको संरचना भत्किन्छ । त्यसैले यस उपन्यासमा वर्णित रहेका प्रेमललला आबद्धताका आधारमा बद्ध चरित्र भएको पात्र हुन् ।

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

**१/८ (ख) चेप्टो पात्र**

प्रेमललवाको चरित्र यस यस उपन्यासमा सहजसँग बुझ्न सकिने प्रकृतिको भएकाले चेप्टो पात्रका रूपमा प्रस्तुत भएको देखिन्छ ।

**१/९ (क) सार्वभौमिक पात्र**

यस उपन्यासमा प्रेमललवाको चरित्र जसरी चित्रण गरिएको छ, त्यस्तो गरिब, विपन्न, सोझा मानिसहरू विश्वमा छ्याप्छ्याप्ती पाइने भएकाले प्रेमललवा सार्वभौमिक पात्र हुन् ।

**१/१० (ख) मौलिक पात्र**

प्रेमललवा पौराणिक, ऐतिहासिक प्रसिद्ध पात्र होइन त्यसैले ऊ मौलिक पात्र हो ।

**१/११ (ख) बहिर्मुखी पात्र**

प्रेमललवा आफ्नो कुरा स्पष्ट राख्ने पात्र हुन् । प्रेमललवा आफ्ना सबै पीडा द्रौपदी र राजेन्द्रराजसँग खुलस्त रूपमा राख्ने पात्र भएकाले बहिर्मुखी पात्र हुन् ।

**१/१२ (ख) अगूढ पात्र**

प्रेमललवाले यस उपन्यासमा दिएका प्रतिक्रिया बुझ्न कुनै जटिलता देखिँदैन त्यसैले यिनी अगूढ पात्रका रूपमा प्रस्तुत भएको देखिन्छ ।

**१/१३ (क) सापेक्ष पात्र**

प्रेमललवा आजको समाजका जीवन्त पात्र भएकाले सापेक्ष पात्रका रूपमा यस उपन्यासमा चित्रित भएको देखिन्छ ।

## २. द्रौपदी

**२/१ (ख) स्त्री पात्र**

उलार उपन्यासकी द्रौपदी वादी समुदायकी नारी हुन् । दलित स्त्रीहरूको सामाजिक, धार्मिक, शैक्षणिक र आर्थिक स्थितिलाई हेर्दा यो बुझ्न सकिन्छ कि दलित नारी सदियौँदेखि कुन प्रकारको अन्यायपूर्ण, कष्टमय जीवन बाँचिरहेका छन् (मेघवाल, सन् २००९, पृ.५९) । आफ्नो शरीर बेचेर गुजारा चलाउने पात्रका रूपमा प्रस्तुत भएकी छ । उलार उपन्यासकी द्रौपदीलाई स्त्री पात्रका रूपमा प्रस्तुत गर्ने केही भाषिक अभिव्यक्तिहरू निम्नानुसार छन् :

(क) नौदस वर्षकी छोरी छे । छोरी कसबाट जन्मिई, उसलाई थाहा छैन (पृ.३४) ।

(ख) “तैँले लैजाने ? म रन्डीलाई ?” (पृ.३८)

(ग) “अनि के त ? तँ त मेरी रानी होस्, श्रीदेवी होस्” (पृ.३८)

माथि (क) मा द्रौपदीलाई छोरीकी आमाका रूपमा, (ख) मा द्रौपदीले आफैँलाई पतीत आइमाईका रूपमा र (ग) मा प्रेमललवाले द्रौपदीलाई श्रीदेवीका रूपमा प्रस्तुत गर्नाले द्रौपदी स्त्री पात्र भएको पुष्टि हुन्छ ।

**२/२ (क) प्रमुख पात्र**

यस उपन्यासमा प्रयोग भएको व्यक्तिवाचक नामको गणना गर्दा नारी चरित्रमध्ये द्रौपदीको नाम धेरैपटक आवृत्ति भएको छ । द्रौपदी यस उपन्यासकी नायिका हो । उपन्यासको नायक प्रेमललवाले उसँग विवाह गर्न खोज्नु उसको भूमिका उपन्यासको विषयनुरूप रहनुले यो प्रमुख पात्र हो । ऊ उपन्यासको सुरुदेखि अन्त्यसम्म आएकी पात्र हो ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

महाभारतकी 'द्रौपदी' पाँच पाण्डवकी श्रीमती हुन् भने  यहाँ आएकी द्रौपदी सारा पैसावालकी रखौटी भएकीले ऊ विपन्न वर्गकी प्रतीकात्मक पात्र पनि हो ।

**२/३ (क) अनुकूल पात्र**

द्रौपदीले आफ्नो बाध्यताले शरीर बेचेकी छ । ऊ प्रेमललवासँग घरबार जोडेर बस्न चाहन्छे तर उसलाई परिस्थितिले दिँदैनन् । द्रौपदी आफूले मन पराएको प्रेमललवालाई असाध्यै माया गर्छे र आफू कठिन परिस्थितिको सामना गर्दागर्दै पनि प्रेमललवाका निम्ति सर्वस्व सुम्पन तयार छ भन्ने तलका अभिव्यक्तिले उनलाई यस उपन्यासमा अनुकूल पात्रका रूपमा प्रस्तुत गरेको छ :

(क) ऊ घर फर्किने बेला द्रौपदी आफ्नो छाप्रोको ढोकासम्म उसलाई पुऱ्याउन आउँछे र आफ्नो लोग्नेलाई झैँ भन्छे  राम्ररी जानू  (पृ. १४) ।

(ख) आफूले गरेको वेश्यावृत्ति रहरले मीठो खान र राम्रो लगाउन अनि मोजमस्ती गर्न नभई बाध्यताले गरेको हो ( पृ.१६)

(ग) प्रेमललवा यतिखेर उसलाई आफ्नो मान्छेजस्तो लाग्यो । एकदमै आफ्नो, धेरै नजिकको मान्छेजस्तो र आफ्नोपनको यस्तो अनुभूतिपछि द्रौपदी एक सेकेन्ड पनि अलमलिइन् ।  आफ्नो कानको टप निकाली र प्रेमललवाको हातमा राखिदिई "(पृ.३५) ।

माथि (क) मा द्रौपदीले प्रेमललवासँग गर्ने सकारात्मक व्यवहार, (ख) ले द्रौपदीको वेश्यावृत्ति रहर नभई जीविकोपार्जनका लागि बाध्यता र (ग) मा परिवार पाल्न शरीर सुम्पने द्रौपदी प्रेमललवा अफठ्यारोमा परेको देखेपछि आफूसँग भएको सर्वस्व दिएर सहयोग गर्न तयार हुने अभिव्यक्तिले द्रौपदीलाई अनुकूल पात्रका रूपमा प्रस्तुत गर्दछ ।

**२/४ (क) गतिहीन पात्र**

उपन्यासको सुरुदेखि अन्त्यसम्म भूमिका परिवर्तन नभएको हुँदा स्वभावका आधारमा द्रौपदी गतिहीन पात्र हुन् ।

**२/५  (ख) वर्ग पात्र**

वादी समुदायका नारीहरू नचाहेर पनि यौन व्यवसायमा लाग्नुपर्ने बाध्यता  छ ।  यिनै पात्रहरूको प्रतिनिधित्व गरेका हुनाले जीवनचेतनाका आधारमा द्रौपदी वर्गीय पात्र हो । द्रौपदीको घर गरिबीले जीर्ण भएको छ, उसको जिन्दगी निजी नभई सबैले उपयोग गर्ने साझा बनेको छ अर्थात् द्रौपदीले आफ्नो स्वेच्छा बिना पनि आफूलाई देहव्यापारमा होमिनुपरेको बाध्यताले उसलाई वर्ग पात्रका रूपमा प्रस्तुत हुनुपरेको कुरा तलका अभिव्यक्तिहरूमा देखिन्छ :

(क) उसलाई आफू बसेहुर्केको घरभन्दा नगरपालिकाको पिसाबघर सफा लाग्छ (पृ.३४) ।

(ख) नौदस वर्षकी छोरी छे । छोरी कसबाट जन्मिई, उसलाई थाहा छैन (पृ.३४) ।

(ग) अहिले सम्पूर्ण बोझ द्रौपदीमाथि खनिएको छ (पृ.३५) ।

(घ) असई विष्णु आयो र उसलाई गिजोल्न थाल्यो ।... विष्णुप्रसाद आफू फटाफट नाङ्गियो र द्रौपदीमाथि पोखियो । विष्णे जानेबित्तिकै डिटोल पानीले गुप्ताङ सफा गरेर उसले आफू र अस्तव्यस्त लुगालाई ठिक पारी (पृ.६१) ।

माथिका  (क) मा द्रौपदीको घरको प्रदूषित अवस्था (ख) मा आफ्नो लोग्नेको जानकारी नहुनु (ग) मा आमा रोगी भएपछि घरायसी बोझ द्रौपदीले बोक्नुपर्ने बाध्यताका साथै (घ) मा पश्चिम नेपालका वादी समुदायका नारीहरू

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

कसरी जीवीकोपार्जन गर्न बाध्य छन् भन्ने दृष्टान्तले द्रौपदीलाई गरिब विपन्न वादी समुदायकी वर्ग पात्रका रूपमा पुष्टि गर्छ ।

**२/६ (क) मञ्च पात्र**

यस उपन्यासको पहिलो खण्डदेखि द्रौपदीसँग सम्बन्धित विषयवस्तुको प्रस्तुति भएको छ । यस उपन्यासमा द्रौपदीको उपस्थिति वर्तमानमा आधारित भएकाले आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**२/७ (क) बद्ध पात्र**

उपन्यासको कथानकबाट द्रौपदीलाई झिकिंदिने हो भने यस उपन्यासको संरचना लथालिङ्ग हुन्छ। द्रौपदीको उपस्थिति बिना उपन्यासको कथावस्तुले गति लिन सक्दैन त्यसैले द्रौपदी यस उपन्यासकी बद्ध पात्र हुन् ।

**२/८ (ख) चेप्टो पात्र**

यस उपन्यासमा द्रौपदीको चरित्र एउटी वादी आइमाईभन्दा माथि उठेको छैन । त्यसभन्दा बाहेक द्रौपदीको कुनै अर्को आयाम छैन तसर्थ यस उपन्यासकी द्रौपदी चेप्टो पात्रका रूपमा देखिएकी छिन् ।

**२/९ (ख) आञ्चलिक पात्र**

द्रौपदी यस उपन्यासमा आफ्नै बाबुको अगाडि अरूसँग यौन व्यापार गरेर बाँच्ने वादी क्षेत्रको जीवन्त पात्र भएकाले आञ्चलिक पात्रका रूपमा उपस्थित भएकी छिन् ।

**२/१० (क) पारम्परिक पात्र**

यस उपन्यासमा आएकी द्रौपदी पौराणिक पात्रको नाम धारण गर्ने पात्र हुन् । उनी नामले पारम्परिक पात्र हुन् । उनको व्यवहार सारमा द्रौपदीकै जस्तो भए पनि प्रत्यक्षतः त्यस्तो पाइएको छैन ।

**२/११ (क) अन्तर्मुखी पात्र**

द्रौपदीले यस उपन्यासमा आफ्ना विचार, भावना सामाजिक रूपमा अभिव्यक्त गरेको देखिँदैन त्यसैले यिनी अन्तर्मुखी पात्रका रूपमा आएकी छिन् ।

**२/१२ (ख) अगूढ पात्र**

द्रौपदीको यस उपन्यासमा कुनै पनि प्रतिक्रिया सामान्य देखिएका छन् तिनीहरूमा कुनै जटिलताको आभास नभएकाले अगूढ पात्रका रूपमा देखिन्छिन् ।

**२/१३ (क) सापेक्ष पात्र**

द्रौपदी यस उपन्यासमा वादी समुदायकी विपन्न नारीको प्रतिनिधित्व गर्ने भएकाले त्यस समाजकी जीवन्त पात्र हुन् त्यसैले यिनी सापेक्ष पात्र हुन् ।

## ३. राजेन्द्रराज

राजेन्द्रराजलाई जिताउन प्रेमललवा दिलोज्यान दिएर लागेको छ भने राजेन्द्रराज प्रेमललवालाई उठिबास लगाउन त्यसैगरी लागेको छन् । प्रेमललवाको घरजग्गा बेच्न बाध्य पारेर आफू कमिसन खान राजेन्द्रराज षडयन्त्र गर्छन् । चुनावमा अर्को नेताबाट आफू पैसा लिएर राजेन्द्रराज भोट बेच्छन् । आफ्ना लागि मरिमेट्ने जनताका घाँटी रेट्छन् ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

### ३/१ (क) पुरुष पात्र

यस उपन्यासमा राजेन्द्रबाबु, राजेन्द्रराज जस्ता शब्दले यिनलाई सम्बेधन गरिएको हुँदा यिनी पुरुष पात्र हुन् भन्न सकिन्छ ।

### ३/२ (ख) सहायक पात्र

राजेन्द्रराज यस उपन्यासको सहायक पात्र हुन् । उनी गरीब, दुःखी प्रेमललवाजस्ता पात्रलाई प्रयोग गरी आफ्नो स्वार्थसिद्ध गर्ने नेता हुन् । नेपालमा २०४६ सालको जनआन्दोलनपछिका नेताहरू कसरी सत्ता र सम्पति आर्जन गर्छन् भनी देखाउने पात्र हुन् ।

### ३/३ (ख) प्रतिकूल पात्र

जनताको सेवा गर्छु, जनतालाई खुसी र सुखी बनाउछु भनी राजनीति गर्ने अनि आफ्नो दुनो सोभ्याएर जनतालाई उठीबास लगाउने प्रतिकूल चरित्रको पात्र हुन् । तलका अभिव्यक्तिले राजेन्द्रराजलाई उपन्यासमा प्रतिकूल पात्रका रूपमा चित्रित गरेको देखिन्छ :

(क) कसैकसैले राजेन्द्रराजले आफूले अठार लिएर प्रेमललवालाई आठ पकडाए भन्ने हल्ला पनि चलाए । तर उसले पत्याएन (पृ. २९) ।

(ख) जम्मा तिस हजारमा प्रेमललवाले आफ्नो घरजग्गा बेच्यो । ‘‘शिलाबाबुले दाम सोधे एक लाख भन्नू’’ भनेर राजेन्द्रराजले पहिल्यै सम्झाएका थिए (पृ.३१) ।

(ग) अनि उसलाई राजिन्द्रराजले ढाँटेर उमेर पुगेको भनी बनाइदिएको नागिर्ता र त्यसको आधारमा बनाएको ‘‘लैसन’ देखाउन कर लाग्थ्यो (पृ.३२) ।

(घ) ‘‘हेर् प्रेमललवा, कुरा भन्या सफा, माथि पार्टीबाट नब्बे हजार आएको छ । कागज नब्बेकै बन्छ । तिस तँलाई, तिस मलाई र तिस शिलाबाबुलाई’’(पृ.८७) ।

(ङ) “घरखेत उठाउने कुरामा राजेन्द्रराज खप्पिस छन् भन्ने उसले बुझिसकेको थियो” (पृ.८७) ।

माथि (क) मा राजेन्द्रराजले प्रेमललवाको बाबुलाई मार्ने ट्रकबाट कमिसन खानु (ख) मा प्रेमललवाको जग्गा एक लाखमा बेच्दा प्रेमललवालाई तिस हजार दिनु (ग) मा किर्ते कागज बनाउन लगाउनु (घ) मा नब्बे हजारको काम गराएर प्रेमललवालाई तिस हजार मात्र दिनु र (ङ) मा अरूको उठिवास लगाउने राजेन्द्रराज प्रतिकूल पात्र भएको पुष्टि हुन्छ ।

राजेन्द्रराजले प्रेमललवाको बाबु ट्रकले किचेर मार्दा ट्रकवालासँग अठार हजार लिएर प्रेमललवालाई आठ हजार दिएर आफूले दश हजार लिनु तथा प्रेमललवाको घर बेचेर मोटो रकम कमिसन खाएको छ । प्रेमललवाको उमेर ढाँटेर नागरिकता मात्र बनाइदिएको होइन, सोझो प्रेमललवालाई शिलाबाबुसँग घरको मूल्य एक लाख हो भनेर झुट बोल्न लगाएको देखिएकाले उनी प्रतिकूल पात्र हुन् ।

### ३/४ (क) गतिहीन पात्र

राजेन्द्रराज सत्ता र सम्पत्ति आर्जन गर्न नेता भएको छन् । उनको स्वभावमा कुनै परिवर्तन नभएको हुँदा उनी गतिहीन पात्र हुन् ।

### ३/५ (ख) वर्ग पात्र

राजनीतिमा लागेर सम्पत्ति जोड्ने, जनताका सुखदुःखमा सहभागी नहुने र झनै दुःख दिने नेताको प्रतिनिधिमूलक पात्र भएकाले वर्गीय पात्र हुन् । राजेन्द्रराज गरिब जनतालाई आश्वासनका भरमा ज्याला नदिई श्रमशोषण गर्ने मात्र नभई निर्वाचनमा उठेर अर्को उमेदवारको पैसा खाएर जनतालाई विश्वसघात गर्ने स्वार्थी र द्रव्यपिचास राजनीतिज्ञ वर्ग पात्रका रूपमा तलका अभिव्यक्तिले प्रस्तुत गर्दछन् :

(क) तिन दिन, तिन रात ऊ राजिन्द्रराजकै चुनाव प्रचारमा खटियो फोकटमा, एक पैसा नलिएर । घोडीको दानासुद्ध उसले आफ्नै जमा रकमबाट किन्यो (पृ.३६) ।

(ख) शान्तिराजले राजिन्दरबाबुलाई पाँच लाख क्यास दिएको त मैले आफ्नै आँखाले देखेको । राजिन्दरबाबुले आफ्नो सत्तर प्रतिशत भोट शान्तिराजकोमा खसाउन लगाए (पृ.४६-४७) ।

माथि (क) मा प्रेमललवालाई श्रमको मूल्य नदिई शोषण गर्ने र (ख) मा राजेन्द्रराजले शान्तिराजसँग पैसा खाएर आफ्नो पक्षको भोट बेचेकाले यिनी श्रमशोषक र मत बेच्ने वर्गका प्रतिनिधि पात्र भएको पुष्टि हुन्छ ।

### ३/६ (क) मञ्च पात्र

यस उपन्यासमा चुनावमा ढ्वाङ् थाप्ने र आफ्ना भोट अरूलाई बेच्ने वर्तमान परिस्थितिको नेता भएकोले मञ्च पात्र हो ।

### ३/७ (क) बद्ध पात्र

नेपाली राजनीतिमा स्वार्थी नेताहरूका कारण नेपाली सर्वसाधरण जनताले कसरी दुःख पाएका छन् भन्ने देखाउन प्रयोग भएको यो प्रतिनिधि पात्र हुन् । त्यसैले यिनलाई झिकिदिने हो भने उपन्यासको भाव बिग्रने भएकाले यो बद्ध पात्र हुन् ।

### ३/८ (क) गोलो पात्र

राजेन्द्रराज यस उपन्यासमा कुटिल पात्रका रूपमा देखिएका छन् । उनका जीवन राजनीतिमा मात्र सीमित छैन, गरिबीसँग षडयन्त्रपूर्वक शोषण गर्ने, दलाली गर्ने र पार्टीलाई धोका दिएर अर्को उम्मेदवारसँग पैसा लिएर आफ्नो मत बेच्नेजस्ता विविध आयाममा विचरण गर्छन् । यसबाट उनी गोलो पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएका छन् ।

### ३/९ (क) सार्वभौमिक पात्र

यस उपन्यासमा आएका राजेन्द्रराज आजका स्वार्थी र भौतिकताले ग्रस्त राजनीतिक विसङ्गतिका वाहक नेताको प्रतिनिधित्व गर्ने पात्र भएकाले यिनलाई संसारका जुनसुकै कुनामा स्वार्थी राजनीतिक नेताका रूपमा भेट्न सकिन्छ त्यसैले यिनी सार्वभौमिक पात्रका रूपमा प्रस्तुत भएको देखिन्छ ।

### ३/१० (ख) मौलिक पात्र

यस उपन्यासमा राजेन्द्रराज कुनै इतिहास, पौराणिक र राजनीतिक प्रसिद्ध पात्रका रूपमा प्रस्तुत नभएकाले मौलिक पात्रका रूपमा देखिन्छन् ।

### ३/११ (ख) बहिर्मुखी पात्र

आफ्ना कुरा विपक्षी शान्तिराजसमक्ष चिठ्ठी लेखेर व्यक्त गर्नाका साथै प्रेमललुवासँग हाकाहाकी कमिसन खाने राजेन्द्रराज यस उपन्यासमा बहिर्मुखी पात्रका रूपमा चित्रित भएका छन् ।

### ३/१२ (क) गूढ पात्र

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

राजेन्द्रराजले यस उपन्यासमा व्यक्त प्रतिक्रिया सहज पहिचान गर्न नसकिने हुँदा यिनी गूढ पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**३/१३ (क) सापेक्ष पात्र**

राजेन्द्रराज यस उपन्यासमा कुटिल, स्वार्थी, गरिबमारा व्यक्तिका रूपमा प्रस्तुत भएकाले सापेक्ष पात्र हुन् ।

## ४. शान्तिराज

**४/१ (क) पुरुष पात्र**

शान्तिराज यस उपन्यासमा पुरुष पात्रका रूपमा उपस्थित भएको छ ।

**४/२ (ख) सहायक पात्र**

कार्यका आधारमा हेर्दा उलार उपन्यासको शान्तिराज यस उपन्यासको सहायक पात्र हुन् । उनी आफ्नो स्वार्थसिद्ध गर्न जे पनि गर्नसक्ने राजनीतिको खेल बुझेका नेता हुन् । नेपालमा वि. सं.२०४६ सालको जनआन्दोलनपछिका नेताहरू कसरी सत्ता र सम्पति आर्जन गर्छन भनी देखाउने तथा चुनाव जितेर गएपछि जनता बिर्सने पात्र हुन् ।

**४/३ (ख) प्रतिकूल पात्र**

जनताको सेवा गर्छु, जनतालाई खुसी र सुखी बनाउँछु भनी राजनीति गर्ने अनि आफ्नो दुनो सोझ्याएपछि जनताको वास्ता नगर्ने  प्रतिकूल चरित्रको पात्र हुन् । यसमा शान्तिराजले गरिब विपन्न वर्गलाई सहयोग नभई पीडा दिने मात्र वर्णन गरेकाले तलका अभिव्यक्तिले उनलाई प्रतिकूल पात्र पुष्टि गरेका छन् :

मालिक, जुलुसमा ओभरलोडले घोडा मरेको... ।'

ए, हो त । राजेन्द्रबाबुले चिठी लेखेको थियो हैन ?' उनले सम्झिए ।

हो हजुर । म त बर्बाद भैगएँ, मालिक ।'

के गरूँ त मैले ?" शान्तिराजले सोधे (पृ.६०)

माथिको उद्धृतांशमा प्रेमललवाको घोडा शान्तिराजको विजय जुलुसमा बढी मानिस चढेर मरेको कुरा बुझाउँदा पनि शान्तिराजले प्रेमललवाको पीडालाई आजभोलि गर्दै बेवास्ता गरेकाले उनी प्रतिकूल पात्र हुन् ।

**४/४ (क) गतिहीन  पात्र**

शान्तिराज सुरुदेखि अन्त्यसम्म आफ्नो स्वार्थको लागि मात्र नेता, मन्त्री बन्ने उसको स्वभावमा कुनै परिवर्तन नभएको हुँदा उनी गतिहीन पात्र हुन् ।

**४/५ (ख) वर्ग पात्र**

राजनीतिमा लागेर जनताका सुखदुःखमा सहभागी नहुने, जनताको कुनै वास्ता नगर्ने र झनै दुःख दिने नेताको प्रतिनिधिमूलक पात्र भएकाले शान्तिराज वर्गीय पात्र हुन् ।

**४/६ (क) मञ्च पात्र**

यस उपन्यासमा चुनावमा ढ्वाङ् थाप्ने र भोट किनेर चुनाव जित्ने मन्त्री बन्ने तथा मन्त्री बनेपछि जनतालाई वास्ता नगर्ने वर्तमान परिस्थितिको नेता भएको वर्णन भएकाले शान्तिराज यस उपन्यासका मञ्च पात्र हुन् ।

**४/७ (क) बद्ध पात्र**

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 296–314**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75411**

यस उपन्यासका शान्तिराज बद्ध पात्र हुन् । यस उपन्यासबाट शान्तिराजको भूमिका हटाई दिँदा उपन्यासको संरचना भत्किनुका साथै अर्थ र सारसमेत विलीन हुने भएकाले शान्तिराजको प्रस्तुति उपन्यासमा मुक्त पात्रका रूपमा नभई बद्ध पात्रका रूपमा भएको देखिन्छ ।

**४/८ (क) गोलो पात्र**

यस उपन्यासमा शान्तिराजको चरित्र आधुनिक जीवनजस्तै जन्जालहरूको गुजुल्टो भएर रहेको हुनाले उनी गोलो पात्रका रूपमा देखिन्छन् ।

**४/९ (क) सार्वभौमिक पात्र**

यस उपन्यासमा शान्तिराजको चरित्र विश्वको जुनसुकै कुटिल र स्वार्थी राजनीतिक नेतृत्वसँग मिल्ने भएकाले सार्वभौमिक पात्रका रूपमा आएको मान्न सकिन्छ ।

**४/१० (ख) मौलिक पात्र**

यस उपन्यासमा शान्तिराज कुनै इतिहास, पौराणिक र राजनीतिक प्रसिद्ध पात्रका रूपमा आएको देखिँदैन त्यसैले यिनी मौलिक पात्र हुन् ।

**४/११ (क) अन्तर्मुखी पात्र**

शान्तिराजले आफ्नो योजना र विचार समाजका सामु प्रस्तुत नगरी आफ्नो स्वार्थमा मात्र केन्द्रित भएको देखिँदा यिनी अन्तर्मुखी पात्रका रूपमा उपन्यासमा चित्रित भएको देखिन्छ ।

**४/१२ (क) गूढ पात्र**

यस उपन्यासमा शान्तिराजका प्रतिक्रियाहरू बोधका निम्ति जटिल देखिन्छन् । उनले भनेजस्तो गरेको पाइँदैन त्यसैले गूढ पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**४/१३ (क) सापेक्ष पात्र**

यस उपन्यासमा शान्तिराजको चरित्रमार्फत् समाजका कुटिल स्वार्थी र भौतिकताले ग्रस्त राजनीतिक नेतृत्वको जीवन्त चित्रण भएकाले सापेक्ष पात्रका रूपमा देखिन्छन् ।

## निष्कर्ष

'उलार' उपन्यासमा आएका पात्रहरूमध्ये लिङ्गका आधारमा द्रौपदी, सीता, सावित्री, कलुवाकी स्वास्नी, कलुवाकी आमा, महारिन बुआ, कृष्णा, कुन्ती, यातायात मन्त्रीकी भान्जी स्त्री पात्र हुन् भने बाँकी पात्रहरू पुरुष पात्र भएकाले उपन्यासमा पुरुषप्रधान समाजको चित्रण भएको देखिन्छ । भूमिकाका आधारमा प्रेमललवा र द्रौपदी प्रमुख पात्र; राजेन्द्रराज र शान्तिराज यसका सहायक पात्र हुन् भने अरू गौण पात्रका रूपमा प्रस्तुत भएकाले उपन्यासमा गौण पात्रको बाहुल्य रहेको पाइन्छ । यस उपन्यासका डाक्टर मुन्ने खाँ, प्रेमललवा, द्रौपदी, सीता, द्रौपदीका बाबु, बुधे, सावित्री, कलुवाकी स्वास्नी, कलुवाकी आमा, महारिन बुआ, कृष्णा, राजुबाबु, खेलावन भैया, कुन्ती, पहाडीया केटो, एउटा बूढो मान्छे, ठिटो, यातायात मन्त्रीकी भान्जी, जगत्मान्, हर्कमान, कृष्णबहादुर र असलम अनुकूल पात्र भएकाले उपन्यासमा अनुकूल पात्रको बढी प्रयोग भएकाले उपन्यासमा सकारात्मक पात्रको बाहुल्य रहेको छ । यस उपन्यासका थपुवा ( थापा), खेलावन भैया, पुलिस, सावित्री, विष्णु, प्रेमललवा, द्रौपदी, राजेन्द्रराज, शान्तिराज, कलुवा, शिलाबाबु, निराकार प्रसाद, कलुवाकी स्वास्नी, महारिन बुआ, शान्तिराजको मन्त्रालयको पिए, यातायात मन्त्रीको पिए, पहाडीया केटो, एउटा बूढो मान्छे, ठिटो, असलम मञ्च पात्र भएकाले यसमा मञ्च पात्र बढी प्रयोग भएको पाइन्छ । यस उपन्यासमा स्वभावका दृष्टिले प्रेमललवादेखि बाहेकका सबै पात्रहरू गतिहीन भएकाले उपन्यासले आजको आधुनिक जटिल समाजको चित्रण गर्न नसकेको अनुभूत हुन्छ । जीवनचेतनाका दृष्टिले यस

Vol. 6, No.1, January 2025. Page: 296–314
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75411

उपन्यासका सबै पात्रहरू वर्गीय प्रकृतिका छन् । आबद्धताका दृष्टिले प्रेमललवा, द्रौपदी, राजेन्द्रराज, शान्तिराज, कलुवा, ननकउ बद्ध पात्र हुन् भने बाँकी सबै पात्रहरू मुक्त पात्र भएकाले मुक्त पात्रको बाहुल्य बढी रहेको छ । द्रौपदीका बाबु, राजेन्द्रराज, शान्तिराज, विष्णु, शिलाबाबु, शान्तिराजको मन्त्रालयको पिए, निराकार प्रसाद, यातायात मन्त्रीको पिए, यातायात मन्त्री, यातायात मन्त्रीकी भान्जी र शान्तिराजको मन्त्रालयको ड्राइभर गोला पात्र हुन् भने बाँकी सबै पात्र चेप्टा पात्र प्रयोग भएकाले यस उपन्यासमा चेप्टा पात्रको बाहुल्य मान्न सकिन्छ । सबै पात्र समाज सापेक्ष पात्र भएकाले यस उपन्यासले आजको समाजको जीवन्त चित्रण गरेको देखिन्छ । द्रौपदी, द्रौपदीका बाबु, विष्णु, सावित्री, कृष्णा र कुन्तीजस्ता थोरै आञ्चलिक पात्रले उपन्यासलाई आञ्चलिक बनाएको प्रतीत हुन्छ । सीता, विष्णु, कुन्ती, कृष्णा, कृष्णबहादुर र द्रौपदी जस्ता अत्यन्त थोरै नाम मात्रका पारम्परिक पात्र प्रयोग भएकाले यस उपन्यासमा मौलिक पात्र बढी चित्रित भएको देखिन्छ । राजेन्द्रराज, शान्तिराज, सावित्री, निराकार प्रसाद, शान्तिराजको मन्त्रालयको पिए, यातायात मन्त्रीको पिए, शान्तिराजको मन्त्रालयको ड्राइभर यस उपन्यासका गूढ चरित्रका पात्र हुन भने बाँकी सबै अगूढ भएकाले पाठकका लागि पात्रको प्रतिक्रिया बुझ्न सहज भएको छ । व्यक्तित्वका आधारमा सावित्री, प्रेमललवा, राजेन्द्रराज, कलुवा, निराकार प्रसाद, द्रौपदीका बाबु, एउटा बूढो मान्छे बहिर्मुखी र बाँकी सबै अन्तर्मुखी पात्र भएकाले यस उपन्यासमा समाजका अगाडि आफ्ना समस्या प्रस्तुत गर्न नसक्ने विवश पात्रको बाहुल्य रहेको देखिन्छ ।

## सन्दर्भसूची

ओझा, दशरथ (सन् १९५७), *समीक्षा शास्त्र,* राजपाल एन्ड सन्स ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* साझा प्रकाशन ।

झा, सीताराम (सन् १९७४), *हिन्दी नाटक : समाजशास्त्रीय अध्ययन,* बिहार हिन्दी ग्रन्थ अकादमी ।

दाहाल, दुर्गाप्रसाद (२०६१), *नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* सुनकोशी प्रकाशन ।

नेपाल, घनश्याम (सन् १९८७), *आख्यानका कुरा,* नेपाली साहित्य प्रचार समिति ।

नेपाल, घनश्याम (सन् २००५), *आख्यानका कुरा,* एकता बुक्स हाउस प्रा. लि. ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), *साहित्यको रूपरेखा,* साझा प्रकाशन ।

पाण्डे, नयनराज (२०७२), *उलार,* फाइनप्रिन्ट बुक्स ।

प्रसाद, विश्वनाथ (सन् १९७३), *कला एवम् साहित्यः प्रवृत्ति और परम्परा,* बिहार हिन्दी ग्रन्थ अकादमी ।

फोर्स्टर/Forster, E.M.(1985), *Aspects of the Novel*,Penguin Books Ltd.

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

मलिक, शान्ति (सन् १९९४), *नाट्य सिद्धान्त विवेचना,* ज्ञानभारती ।

मेघवाल, कुसुम (सन् २००९), दलित नारी : एक विमर्श (सम्पा.ज्ञानेन्द्र रावत), *दलित नारी : कल, आज और कल एक विवेचन,* सम्यक प्रकाशन ।

वर्मा, धीरेन्द्र, वर्मा, व्रजेश्वर, भारती, धर्मवीर, चतुर्वेदी, रामस्वरूप र रघुवंश (सन् १९८५), पात्र, धीरेन्द्र वर्मा, व्रजेश्वर वर्मा, धर्मवीर भारती, रामस्वरूप चतुर्वेदी, रघुवंश (सम्पा.), *हिन्दी साहित्य कोश भाग १* (पृ. ३७८) ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान : सिद्धान्त र आलोचना,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

शर्मा,मोहनराज (२०५५ क), चरित्र, डा. ईश्वर बराल (सम्पा.) *नेपाली साहित्यकोश,* (पृ.२७०-२७४), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा.२०२९), *पच्चीस वर्षका नेपाली कथा,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, धनप्रसाद (२०५६), *नेपाली उपन्यासमा आञ्चलिकता,* यादेवी ढकाल ।

●